जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष ११ • अंक ३१ • २०८० मंसिर ८ गते शुक्रबार • 24 Nov. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## बल्खुबाट गणतन्त्रमाथि दुर्गा प्रसाईंको धावा : सिंहदरबार र संसद् भवन कब्जाको घोषणा !

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ७ मंसिर

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउन महाअभियान नेपालको ब्यानरमा भएको प्रदर्शनमा एकाएक अशान्ति मच्चिन पुगेको छ। मेडिकल व्यवसायी दुर्गा प्रसाईंको आह्वान भएको उक्त प्रदर्शन शान्तिपूर्ण हुने भनिए पनि बिहीबार दिनभर प्रहरी र प्रदर्शनकारीबिच पटक पटक झडपको अवस्था उत्पन्न भएको हो ।राजधानीको विभिन्न स्थानबाट र्‍यालीसहित तोकिएको स्थान बल्खुमा भेला भएका प्रदर्शनकारीहरुले शान्तिपूर्ण प्रदर्शन गरिरहेपनि प्रसाईं आएर आक्रामक भाषण गरेसँगै एकाएक माहौल खलबलिन पुगेको हो । त्यसपछि प्रदर्शनकारीहरुले प्रहरीको घेरा तोडेर अघि बढ्न खोजेपछि दुई पक्षीय झडपको अवस्था बनेको बताइएको छ । प्रदर्शनकारीहरुले सिंहदरबार घेर्ने भन्दै प्रहरीको घेरा तोडेर कालीमाटीतर्फ अघि बढ्न खोजेपछि दिउँसो एकाएक झडपको अवस्था निम्तिएको प्रत्यक्षदर्शीले बताएका छन् । प्रहरीलाई प्रदर्शनकारीले ढुङ्गा प्रहार गरे भने प्रहरीले अश्रुग्याँस र पानीको फोहोरा प्रहार गरेर अवस्थालाई नियन्त्रण लिने प्रयास गरिरह्यो। यो अवस्था पटक पटक निम्तिँदा अपर ह्वन सम्म बल्खु क्षेत्र तनावपूर्ण बन्न पुगेको हो। सो क्रममा प्रहरी र प्रदर्शनकारीतर्फ नै केही व्यक्ति घाइते भएको बताइए पनि यो समाचार तयार पार्दासम्म आधिकारिक रुपमा विवरणहरू प्राप्त हुन सकेको छैन।



प्रहरीले घटनामा भएको विवरण संकलनमै रहेको प्रारम्भिक प्रतिक्रिया दिएको छ। दिउँसो १ बजेपछि दलबलसहित बल्खु पुगेका प्रसाईंले सम्बोधनका क्रममा आक्रामक अभिव्यक्ति दिए । उनले प्रदर्शन कारीलाई उत्तेजित बनाउदै वर्तमान व्यवस्थाको तेजोबोध गर्ने प्रयास गरे । सुरुमै उनले देशमा बस्ने वातावरण नभएको भन्दै दसैंको अष्टमीको दिन पनि नेपालीहरू विदेशमा श्रम गर्न जान बाध्य भएको यथार्थ प्रस्तुत गरे । उनले भने , 'हामीले रुँदै झोला बोकेर दसैंको अष्टमीको दिन देश छोड्नु परेको छ । म यसको अन्त्य गर्न चाहन्छु। म त्यसै बोलेको होइन, मभित्र ठुलो पीडा छ।' उनले आफू म दुर्गा मातालाई साक्षी राखेर यहाँ आएको भन्दै मर्न तयार रहेको तर नभाग्ने बताए। 'दुर्गा मातालाई साक्षी राखेर म तपाईंहरुको अगाडि मर्न आएको छु। म मर्न तयार छु। म भाग्न तयार छैन', प्रदर्शनकारीलाई उकास्दै उनले भने, 'म भाग्दिनँ । तपाईंहरुका छोराछोरीलाई यो देशमा फर्काएर यो देशलाई फेरि पुरानो नेपाल बनाउनु छ।' उनले संघीयता नचाहिने भन्दै आफूहरुले सुरु गरेको आन्दोलन जनविद्रोह भएको जिकिर गरे। उनले नेपाली नेताहरूको दुबई, सिंगापुर, कम्बोडिया, मंगोलिया, अमेरिका,लण्डनलगायतका देशमा लगानी

बाँकी पृष्ठ २

## प्रहरीको सुरक्षा घेरा तोड्न खोज्दा बल्खुमा झडप

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ७ मंसिर

राष्ट्रिय मानवअधिकार आयोगले बिहीबार राष्ट्रिय युवा संघ नेपाल र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानका नामबाट व्यवसायी दुर्गा प्रसाईंद्वारा काठमाडौंमा आयोजित छुट्टाछुट्टै प्रदर्शनको अनुगमन गरेको छ । आयोगका सदस्य नेतृत्व सहितका चार वटा टोलीले उपत्यकाको दिनभर अनुगमन गरेको हो। अनुगमनको क्रममा तीनकुनेमा आयोजित युवा संघ नेपालको प्रदर्शन शान्तिपूर्ण रुपमा सम्पन्न भएको आयोगले जनाएको छ। बल्खुमा भएको प्रदर्शनमा



युवा संघ र प्रसाईं पक्षका समूह बिच झडप तथा ढुंगा र इट्टा प्रहार भएको आयोगले जनाएको छ । आयोगका अनुसार प्रसाईं पक्षको समूहबाट प्रहरीको सुरक्षा घेरा तोडेर कालीमाटीतर्फ जान खोज्दा झडप भएको हो भने स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्याँस र पानीका फोहरा प्रहार गरेको

बाँकी पृष्ठ २

## धनुषाको गणेशमान चारनाथ नगरपालिकामा शुक्रबार शोक बिदा

जलेश्वरटुडे समाचारदाता
धनुषा, ७ मंसिर

धनुषाको गणेशमान चारनाथ नगरपालिकाले वडा सदस्यको मृत्युको शोकमा एक दिन शुक्रबार बिदा दिएको छ। गणेशमान चारनाथ २ का वडा सदस्य पप्पु बहादुर लामाको बिहीबार मृत्यु भएपछि शोक व्यक्त गर्दै नगरपालिकाले नगरमा बिदा दिने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत डा. श्रवण कुमार साहले जानकारी दिए । नगरपालिकाको



कार्यालय, वडाकार्यालयहरु, विद्यालयहरु, अति आवश्यक सेवा बाहेकका स्वास्थ्य संस्थाहरुमा समेत बिदा दिइएको प्रमुख प्रशासकीय अधिकृत साहले जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ।

## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

नेपाल सरकार
विज्ञापन बोर्ड






## सम्पादकीय ...

# हरिबोधनी एकादशीको जनविश्वास अटुट

हरिबोधनी एकादशीको जनविश्वास अटुट रहेको छ । चार महिनाअघि अर्थात् आषाढ शुक्ल एकादशीको हरिशयनी वा निर्जला एकादशीको दिन (चतुर्मासको आरम्भमा) आआफ्नो घरमा रोपिएको तुलसीलाई हरिबोधनी एकादशीका दिन विशेष पूजा गरिन्छ ।

एकादशीको भोलिपल्ट द्वादशीको दिन चतुर्मासभरि विष्णु वा विष्णुप्रियाका रूपमा पूजा गरिएको तुलसीको विशेष पूजासँगै शालिग्रम (कसैले पीपलसँग पनि भनेका) विवाह गरिने परम्परा रहिआएको छ । यही विवाहको सन्दर्भमा नवान्न (नयाँ अन्न) को प्रसाद चढाइन्छ। तुलसी दामोदर विवाहमा घरघरको तुलसी मठ सिँगारेर विधिपूर्वक विवाह गराउने गरिन्छ। यसैले मङ्सिर महिनाको पालक देवताको नाम नै दामोदर रहेको छ ।

गाउँघरमा श्रद्धालु भक्तहरूले एकादशीदेखि पञ्चमी भीष्म पञ्चकभरि ब्राह्मणद्वारा होमयज्ञ गराई एकादशी व्रतको उद्यापन गर्ने गर्छन् । हिन्दुहरू तुलसी, कुश, पीपल, दुबो र शालिग्रामलाई भगवान् विष्णुको प्रतीकका रूपमा मान्छन् । पहेलो केतकीको फूल, तुलसीको पात वा मञ्जरी र सयपत्रीको फूल चक्रपाणि भगवानलाई खुसी बनाउन गुरु भोजन दक्षिणा वा सिदादानसँगै आठवटा कुम्भ दान गरिन्छ ।

हरिबोधनी एकादशीमा उपवास बस्न सक्नेहरूले करिब १८ कोसको दुरीमा रहेको काठमाडौँका चार नारायण (चाँगु, विशङ्खु, इचङ्गु र शेष) लगायत बुढानीलकण्ठमा समेत भक्तजनको मेला लाग्दछ। नसक्नेले कम्तीमा एक नारायणको दर्शन र पूजाअर्चना गरेमा सम्पूर्ण पाप नाश भई अन्त्यमा मोक्ष मिल्ने धार्मिक विश्वास छ। हरिबोधनी एकादशीका दिन विशेष गरी सक्खरखण्ड, पिँडालु आदि कन्दमूल र फलफूल भगवान् नारायणलाई चढाई व्रतालुहरू प्रसादका रूपमा फलाहार गर्ने गर्छन् ।

यता हरिबोधनी एकादशीमा मधेस लगायत मिथिलाञ्चल भरीमा यसको महिमा तथा महत्व धेरै नै छ । यसमा महिला तथा पुरुषहरु समेत ब्रत बसी माता तुलसीलाई नयाँ बस्त्र,फुल,माला आदि लगाई पुजा गरिन्छ ।

*बल्खुबाट .........*

रहेको दाबी गर्दै भने, 'हाम्रो देश त्यसै टाट पल्टेको होइन। म प्रचण्डलाई राम्ररी चिन्दछु। तपाईं सरेन्डर गर्नुस्, जनताकहाँ आउनुस्।' उनले एमाले अध्यक्ष केपी ओलीको पनि कडा आलोचना गरे। एमालेले युवा संघलाई प्रयोग गरेर आन्दोलनमा आएकाहरूलाई मध्यरातमा बलात्कारको प्रयास गरेको संगीन आरोप समेत प्रसाईंले लगाए। उनले 'यही काण्ड राधिका शाक्यलाई परेको भए के गर्नुहुन्थ्यो हजुरबुबा ?' भन्दै कटाक्ष समेत गरे । उनले नेपालमा विद्रोहको विरुवा रोपिएको र नेताहरूलाई जहाँ भेट्यो त्यही ठेगान लगाउनेसम्मको अराजक अभिव्यक्ति दिए । प्रसाईंले बोल्दा आन्दोलनकारीहरूले चर्को नाराबाजी गर्दै अघि बढ्न थालेपछि माहौल बिग्रिन सुरु भइसकेको थियो। यतिमात्रै नभई उनले सिंहदरबार र संसद् भवनका साथै पुरै काठमाडौँ कब्जा गर्नेसम्मको अभिव्यक्ति दिए। यस्तै प्रसाईंले देश नै ठप्प बनाउनेसम्मको पनि दिन पछि परेनन् । उनले आजदेखि गणतन्त्र सकिएको र जनताको तन्त्र आउने अभिव्यक्ति दिएर माहोललाई थप उत्तेजित बनाउने प्रयास गरेका थिए । सिंगो लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामाथि धावा बोलेका प्रसाईं र उनका समर्थकहरूको अभिव्यक्ति र व्यवहार समाजलाई भड्काउने र वितृष्णा फैलाउँदै अराजकतातर्फ धकेल्ने खालको भएको परिवर्तनकारी शक्तिहरूको बुझाइ छ। त्यसमाथि आन्दोलन मियो बिनाको दाइँजस्तो बन्दा प्रसाईं आफैले बोल्दासमेत होहल्ला र नाराबाजी भएपछि उनी भाषण छोट्याउन बाध्य भएका थिए । तर, प्रसाईंले आफू नेतृत्वको आन्दोलन सुरुवातमात्रै भएको भन्दै निरन्तर जारी रहने चेतावनी दिन छाडेनन्। एकातिर प्रसाईं पक्ष आक्रामक बनिरहने र सरकार मौन बसि त्यस्ता गतिविधिलाई छुट दिइरहने हो भने विधिको शासन, संविधान थप कमजोर र निष्क्रिय बन्ने खतरा नहोला भन्न सकिन्न।

*प्रहरीको .........*

जनाइएको छ। सो क्रममा केही मोटरसाइकल, स्कुटरमा सामान्य क्षति पुगेको तथा केही व्यक्ति घाइते भएको अनुगमनबाट पाइएको प्रवक्ता टीकाराम पोखरेलले जानकारी दिए । प्रदर्शनका कारण प्रदर्शन क्षेत्रका विद्यालयहरुमा पठनपाठन अवरुद्ध रहेको, उक्त क्षेत्रका पसलहरू बन्द हुँदा निर्वाध रुपमा पेशा व्यवसाय गर्ने अधिकारमा असर परेको र सर्वसाधारणले स्वतन्त्र र सुरक्षित रुपमा आवतजावत गर्न नपाएको हुँदा यसबाट नागरिकको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र बालबालिकाको शिक्षाको अधिकारमा असर परेको आयोगको अनुगमनबाट देखिएको छ', आयोगको विज्ञप्तिमा उल्लेख छ । आयोगकासदस्य नेतृत्वको टोलीद्वारा रानीपोखरीस्थित उपत्यका प्रहरी कार्यालयमा पुगी प्रहरीका उच्च पदस्थ अधिकारीहरुसँग सुरक्षा अवस्था बारे जानकारी लिनुका साथै सुरक्षा व्यवस्था मजबुत बनाउन निर्देशन भएको पनि पोखरेलले जानकारी दिए । आयोगले यसअगाडि पनि संविधान र राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनमा उल्लिखित प्रावधानहरुको पालनामा संवेदनशील हुन प्रदर्शनरत पक्षहरुलाई गरेको आग्रह स्मरण गराउँदै आगामी दिनमा समेत आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारको सम्मान गर्न, प्रदर्शनलाई शान्तिपूर्ण र संयमित बनाउन र प्रदर्शनमा शान्ति सुरक्षाको व्यवस्थालाई प्रभावकारी बनाउन आयोग नेपाल सरकार तथा प्रदर्शनरत पक्षलाई समेत पसन आग्रह गरेको छ ।

*राजा आउ .........*

मचाउने हो र अरु देस को इसारामा चल्ने होरु त्यही भएर हाम्रो देसमा राजतन्त्रको आवश्यकता रहेको दाबी गरे। त्यस्तै देस भक्त सेवक समुहका दिपेन्द्र रौनियार,राष्ट्रबादी समुहका बिरेन्द्र थापा, नेपाल राष्ट्रबाद संघ का संगिता देवी शाह, सन्तोष गुप्ता,नेपाल विद्वत परिषद का प्रेम साह सरार्फ, अध्यान्नद साह,बिश्व हिन्दू परिषद का पृथ्वी झा,त्यसैगरि उमाशंकर साह, राजेन्द्रपाल साह, विष्णु कुमार दास, बिरेन्द्र साह,बजरंगी साह,चुलाइ मिया,असर्फी साह, राधाकृष्ण चौहान,रा.प्र.पा.पर्साका जिल्ला सदस्य छठु साह कानु,रा.प्र.पा.नेपाल पर्साका जिल्ला सचिव पवन प्रसाद साह,रा.प्र.पा.नेपाल पर्साका कोषाध्यक्ष दिपनारायण यादवरु,नन्द किसोर गोयल,लगायतका ब्यत्किहरुले आ-आफ्नो धारणा राखेका थिए ।



सोनमा गाउँपालिकाको कार्यालय,महोत्तरी

# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, ७ मंसिर**

सर्लाहीमा मोटरसाइकलको ठक्करबाट एक जना साइकल यात्रीको मृत्यु भएको छ। जिल्लाको रामनगर गाउँपालिका ६, सिसौटमा बुधबार साँझ करिब ७ बजेको समयमा बरहथवाबाट गडहीयातर्फ जाँदै गरेको बा ९१ प् ४२६९ नम्बरको मोटरसाइकलको ठक्करबाट गोडैता नगरपालिका ४ का ४५ वर्षीय अमिर खाँ हजारीको मृत्यु भएको प्रहरीले जनाएको छ ।दुर्घटनामा परेर घाइते भएका हजारीलाई प्रादेशिक अस्पताल मलंगवामा प्राथमिक उपचार पश्चात थप उपचारको लागि वीरगञ्जतर्फ लग्दै गरेकोमा बाटोमै मृत्यु भएको सर्लाही प्रहरीले जनाएको छ। दुर्घटना पश्चात मोटरसाइकल चालक फरार भएको छ भने मोटरसाइकल प्रहरीको नियन्त्रणमा रहेको छ।

## तपाईको टुडे

मेष: परिवारीक सुख प्राप्ति
वृष: आफन्तबाट सहयोग
मिथून: मन खुश रहने
कर्कट: आर्थिक लाभ हुने
सिंह: मनमा डर बढने
कन्या: मनमा डर बढने
तुला: सम्मान भेटाउने
वृश्चिक: घरमा सहयोग भेटाउने
धनु: खर्च बढने
मकर: कोसेली प्राप्त हुने
कूम्भ: भक्तिभाव बढने
मीन: भ्रमणको योग

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# चीनमा नयाँ महामारीको आशंका, बच्चाहरूमा फैलिँदै छ रहस्यमयी रोग

**एजेन्सी**
**बेइजिंग, ७ मंसिर**



सन् २०१९ को डिसेम्बरमा चीनको वुहानमा नयाँ भाइरसको संक्रमण देखियो । बिस्तारै उक्त कोरोना भाइरस चीन हुँदै विश्वभर फैलियो। कोरोना भाइरसको महामारीको प्रभावबाट विश्व राम्रोसँग तङ्गिन सकेको छैन। यस्तोमा चीनमा फेरि अर्को महामारी फैलिएको संकेत आइरहेको छ ।

चीनका कयौँ अस्पतालमा एक रहस्यमयी रोगका बिरामीको सङ्ख्या तीव्र गतिमा बढिरहेको छ। नयाँ महामारी फैलिन लागेको हो कि भन्ने खबरहरूले विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)को चिन्ता बढाइदिएको छ। यो रोग खासगरी विद्यालयका बच्चाहरूमा देखिएको बताइएको छ । यो महामारी निमोनियासँग मिल्दोजुल्दो भएको बताइएको छ। तर यसको कयौँ लक्षणहरू निमोनियाभन्दा अलग छ। यसको चपेटामा आएका बच्चाको फोक्सो सुन्निएको छ। उच्च ज्वरो, खोकी, रुघा र सास फेर्न गाह्रो हुने जस्ता समस्याहरू पनि देखिएको छ। रहस्यमय निमोनियाका अधिकांश बिरामी चीनको उतरपूर्वी बेइजिङ र लियाओनिङ लगायत सहरहरूमा उपचाररत छन्।

# चार महिनामा १३ अर्ब बढीको खाद्यान्न आयात

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ७ मंसिर**



चालु आर्थिक वर्षको चार महिनामा १३ अर्ब रुपैयाँ बढीको खाद्यान्न आयात भएको छ। भन्सार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षको साउन, भदौ, असोज र कार्तिकमा १३ अर्ब १६ करोड ४१ लाख ७० लाख रुपैयाँको खाद्यान्न आयात भएको हो । चार महिनामा मात्रै भारत, चीनबाट ७९ हजार ७ सय टन धान आयात भएको छ। सो बापत करिब ३ अर्ब रुपैयाँ बाहिरिएको छ। यस्तै, ब्राउन राइस, बासमती लगायत तयारी चामल चीन, भारत, थाइल्यान्ड लगायत राष्ट्रबाट ३३ हजार टन भित्रिएको छ । ३ अर्ब बढी रुपैयाँको तयारी चामल आयात भएको विभागको तथ्याङ्कमा उल्लेख छ । यस्तै, मकैको पिठो, गहुँको पिठो, फापर, जुनेलो र अन्य खाद्यान्न पाँच हजार आठ सय टन भित्रिएको छ । २९ करोड बढी रुपैयाँ खर्च भएको छ । चार महिनामा आलु, भटमास, विभिन्न तयारी खाद्यान्न २७ हजार बढी टन आयात भएको देखिन्छ । सो बापत करिब ५ अर्ब हाराहारीमा रुपैयाँ बाहिरिएको छ।





## कामनी ब्यूटी पार्लर

यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी


# करण जोहरको फिल्ममा कार्तिक आर्यनको शीर्ष भूमिका

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ७ मंसिर**



बलिउडका निर्देशक करण जोहरले एकता कपुरसँग मिलेर एउटा फिल्म बनाउँदैछन्। यसमा अभिनेता कार्तिक आर्यन शीर्ष भूमिकामा रहनेछन्।
करणले कार्तिक आर्यनलाई जन्मदिन बधाई दिँदै बुधबार एउटा पोष्टमा लेखेका थिए, 'म चाहन्छु कि हाम्रो सहकार्य मजबूत हुँदै जाओस्, अनि हामीहरु ठूलो पर्दामा जादु छरिरहौं।' यो फिल्मको निर्देशन संदीप मोदीले गर्नेछन् । फिल्म अगष्ट १५ मा सिनेमाहलमा रिलिज हुनेछ। करण जोहरको प्रडक्शन हाउस धर्मा प्रडक्शनले कार्तिक आर्यनलाई दोस्ताना २ फिल्मबाट निकालेको थियो । यसपछि दुबैबिच कयौं वर्षसम्म कुराकानी ठप्प रह्यो । दोस्ताना २ को सुटिङ पनि सुरु भइसकेको थियो। कार्तिकले फिल्मको पहिलो शेड्युल पनि पूरा गरिसकेका थिए। यो शेड्युल करीब २० दिनको थियो । तर अचानक कार्तिकलाई फिल्मबाट निकालियो। उनीमाथि अनप्रोशनल व्यवहार देखाएको अनि गलत तरिकाले पारिश्रमीक बनाएको आरोप लगाइएको थियो । धर्मा प्रडक्शनसम्बद्ध सुत्रका अनुसार कार्तिकले समय पनि दिइरहेका थिएनन् र फिल्मको स्क्रिप्टमा पनि त्रुटि देखाइरहेका थिए।
फिल्मको शुटिङ फेरि सुरु गर्ने कुरा गरिएको थियो। सो मामिलामा धर्मा प्रडक्शनलाई करीब २० करोड घाटा भएको बताइएको छ। प्रोफेशनल सर्कमस्टेन्सका कारण दोस्ताना २ को कास्टिङ फेरि गर्ने भन्दै धर्मा प्रडक्शनले आफ्नो इन्स्टाग्राम एकाउन्टमा पोष्ट शेयर गरेको थियो

# केपी ओली टी-२० क्रिकेटमा बागमतीको विजयी सुरुवात

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ७ मंसिर**



स्पिनर सन्दीप लामिछानेको बलिङप्रेरित बागमती प्रदेशले केपी ओली टी-२० क्रिकेट प्रतियोगितामा सुखद सुरुवात गरेको छ।
पोखरा क्रिकेट मैदानमा बिहीबारदेखि सुरु भएको केपी ओली टी-२० क्रिकेट प्रतियोगितामा बागमतीले मदन भण्डारी स्पोर्ट्स एकेडेमी रातोलाई १०९ रनले हराएको हो । मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा भएको टी-२० क्रिकेट प्रतियोगितामा एक सय ८४ रनको लक्ष्य पछ्याएको आयोजक १४.२ ओभरमा ७५ रनमै समेटिन पुग्यो। बागमतीको धारिलो बलिङसामु आयोजक समालिन सकेन। कप्तान सन्दीप लामिछानेले चार ओभरमा १६ रन मात्रै खर्चिएर ४ विकेट लिए। सुवास खत्रीले तीन तथा प्रतिश जिसीले दुई र रिजन ढकालले एक विकेट लिँदै आयोजकको इनिङ सस्तैमा रोके।




# हरिबोधनी एकादशीको महिमा कति ?

**–सूर्यकुमार पण्डित**

एकादशी भनेको देवीको नाम हो। यसै कारणले सबै एकादशीको नाम स्त्रीलिङ्गी देखिन्छ। यस विषयमा एउटा कथा छ। सत्य युगको कुनै एक समयमा देवर्षि नारदजीले ब्रह्माजीबाट एकादशीका विषयमा जानकारीका लागि विन्ती गर्नुभयो अरे। एकादशी भनेको के हो ? किन एकादशीको व्रत तथा पूजा गरिन्छ ? र व्रतको विधि के हो ? भनी सोध्नुभयो।तब ब्रह्माजीले पनि नारदजीलाई बताउन लाग्नुभयो- हे नारदजी सत्य युगमा एक पहाडी गुफामा भगवान् विष्णु आराम लिएर सुतिरहनुभएको थियो। यो कुरा चाल पाएर एक राक्षस आएर विष्णुलाई मार्न जाइलाग्यो। तब विष्णु भगवानका आभाका प्रभावले उहाँको शरीरबाट तत्काल एक देवी उत्पन्न भई राक्षससँग लडाइँ गरी त्यो राक्षसलाई मारिन् अरे। भगवान् विष्णु जागा भएपछि सो कुरा सबै थाहा भयो। त्यस घटनाको प्रभावले भगवान् विष्णुले तिम्रो नाम एकादशी भयो भन्नु भएछ। जो मानिस तिम्रो नाममा उपवास बसी पूजाआराधना गर्दै मेरो पूजा गर्दछन्, तिनले मुक्ति पाउँछन्।

यो कार्यले अक्षय फल प्राप्त गर्छन् भनी विष्णुले मलाई बनाउनुभएको थियो भनी ब्रह्माजीले नारदलाई भन्नुभयो। त्यस समयदेखि एकादशी तिथिको नाम पनि एकदशी भयो। तसर्थ हिन्दु पाञ्चाङ्गको एघरौं तिथिलाई एकादशी भनिन्छ। यो तिथि महिनामा दुई पटक शुक्लपक्षमा र कृष्णपक्षमा पर्दछ।

हिन्दु दर्शनमा एकादशीको व्रतलाई महत्त्वपूर्ण मानिन्छ। प्रत्येक वर्ष २४ वटा एकादशी पर्दछन्। अधिकमास या मलमास भएको समयमा दुई एकादशी थप हुने हुँदा २६ एकादशी पर्दछन्। उपरोक्तअनुसार महिनाको नाम पालक देवता शुक्लपक्ष एकादशी र कृष्णपक्ष एकादशीको विवरण तल उल्लेख भएअनुसार पर्छन्। एकादशी पर्व अत्यन्त महत्त्वपूर्ण भएकाले कुनै एक समयमा शिवजीले श्रीविष्णुको स्तुति गर्नुभएको थियो। जो मङ्सिर कृष्ण एकादशी वा उत्पत्तिका एकादशीमा उल्लेख गरिएको केही अंश तल उल्लेख गरिएको छ।

शिवजीले गरेको विष्णुको स्तुति ( उत्पत्तिका एकादशी)-

त्वं माता सर्वलोकानां त्वंमेव जगत: पिता।

त्व स्थितिस्त्वं तथोत्पत्तिस्त्वं च संहार कारकं ॥ ४१

सहायस्त्वं च लोकानां त्वं च शान्तिकर : प्रभो।

त्वं धरा च त्वंमाकाश: सर्व विश्वपकार क: ॥ ४२

भवस्त्वं च स्वयं ब्रह्मा त्रैलोक्य प्रतिपालक :। त्वं रविस्त्वं शशाङ्कश्च त्वं देवो त्वं हुताशन: ४३

हव्यं होमो हुतास्त्वं च तन्त्रमन्त्र द्विजो जय: । यजमानश्च यज्ञस्त्वं फलभोक्ता त्वमिश्वर ॥ ४४

न त्वया रहितं किञ्चित् त्रैलोया सचराचरे। भगवन् देवदेवेश शरणागतवत्ससल ॥ ४५

**हरिबोधिनी एकादशी**

वर्षका २३ एकादशीमध्ये कार्तिक शुक्लपक्षको एकादशीलाई हरिबोधनी एकादशी भनिन्छ। यस दिनलाई तुलसी विवाह एकादशी पनि भनिन्छ। तुलसी रोपणदेखि विवाहसम्म या आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्मको समयलाई चौमास भनिन्छ। यो चौमास आषाढ शुक्ल एकादशी जसलाई हरिशैन्य एकादशी भनिन्छ।

साधरणत: वर्षभरिमा चौबिसवटा एकादशीमध्ये सबैभन्दा ठूलो एवं महत्त्वपूर्ण हरिबोधनी वा प्रबोधिनी एकादशी हो। त्यसैले यसलाई ठूलो एकादशी पनि भनिन्छ। यो एकादशी यो वर्ष या २०८० मङ्सिर ७ गते बिहीबार तदानुसार २३ नोभम्बर २०२३ मा परेको छ। यस दिन फूलको डोली लैजाने र गङ्गामा सेलाउने वा तोरणका रूपमा बनाएको फूललाई गङ्गाजीमा तार्ने गरिन्छ। यसलाई फूल तार्ने पनि भनिन्छ।

हिन्दु धर्ममा एकादशीलाई तुलसीको माध्यमबाट भगवान् विष्णुको उपासना गर्ने पर्वका रूपमा लिइन्छ। आषाढ शुक्ल एकादशी वा हरिशैन्य एकादशीका दिन क्षीर सागरमा सुत्नुभएका भगवान् विष्णु आजैका दिन उठ्नुहुने भन्ने कुरा भिवष्योत्तर पुराण तथा एकादशी महात्म्यमा उल्लेख गरिएको छ। यसै कारण पनि यस दिनलाई हरिबोधिनी एकादशी भनिएको भन्ने गरिन्छ। भविष्योत्तर पुराणमा अन्य एकादशीमा भन्दा हरिबोधनी एकादशीमा गरिने भगवान् विष्णुको उपासना बढी फलदायी हुने कुराको उल्लेख गरिएको छ। यस दिन गरिने स्नान, दान, तप आदि सबै कार्य अक्षय फलदायी हुन्छ भनी भगवान् कृष्णले अर्जुनलाई बताएको कुरा कथामा उल्लेख छ।

**धार्मिक विश्वास**

विष्णु क्षीर सागरमा सुतेका कारण यसबेला कुनै माङ्गलिक कार्य गर्नुहुँदैन भन्ने मान्यता अनुसार चतुर्मासभरि विवाह, व्रतबन्ध, गृहप्रवेश आदि कार्य गरिँदैन अर्थात् यी कार्य गर्न ज्योतिषीय मान्यता अनुसार मुहूर्त निस्किँदैन। चतुर्मासको अन्त्यपछि भने माङ्गलिक कार्यहरूका लागि मुहूर्त रहेको पाइन्छ।

**भीष्म पञ्चक**

कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्मको अवधिलाई भीष्मपञ्चक भनिन्छ। पौराणिक कथाअनुसार कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्मको अवधिमा पञ्चपाण्डवहरूले पितामह भीष्मबाट धार्मिक शिक्षा पाएका थिए अरे। तसर्थ यो भीष्मपञ्चकभरि भीष्मकथा श्रवण गर्नाले इच्छित फल पाइने विश्वास गरिन्छ।




**महिना, पालक देवता र पक्षअनुसार एकादशीका नाम**

| वैदिक मास | पालक देवता | शुक्लपक्ष एकादशी | कृष्णपक्ष एकादशी |
|---|---|---|---|
| चैत्र | विष्णु | कामदा | वरुथिनी |
| वैशाख | मधुसूदन | मोहिनी | अपरा |
| ज्येष्ठ | त्रिविक्रम | निर्जला | योगिनी |
| आषाढ | वामन | देवशयनी | कामिका |
| श्रावण | श्रीधर | पुत्रदा | अजा |
| भाद्रपद | हृषिकेश | परिवर्तिनी | इन्दिरा |
| आश्विन | पद्मनाभ | पापांकुशा | रमा |
| कार्तिक | दामोदर | प्रबोधिनी | उत्पन्ना |
| मार्गशीर्ष | केशव | मोक्षदा । उत्पत्तिका | सफला |
| पौष | नारायण | पुत्रदा | षटतिला |
| माघ | माधव | जया | विजया |
| फाल्गुन | गोविन्द | आमलकी | पापमोचिनी |
| अधिक मास | पुरुषोत्तम | पद्मिनी | परमा |

**तुलसी र दामोदर (शालिग्रम) विवाह**

चार महिनाअघि अर्थात् आषाढ शुक्ल एकादशीको हरिशयनी वा निर्जला एकादशीको दिन (चतुर्मासको आरम्भमा) आआफ्नो घरमा रोपिएको तुलसीलाई हरिबोधनी एकादशीका दिन विशेष पूजा गरिन्छ।

एकादशीको भोलिपल्ट द्वादशीको दिन चतुर्मासभरि विष्णु वा विष्णुप्रियाका रूपमा पूजा गरिएको तुलसीको विशेष पूजासँगै शालिग्रम (कसैले पीपलसँग पनि भनेका) विवाह गरिने परम्परा रहिआएको छ। यही विवाहको सन्दर्भमा नवान्न (नयाँ अन्न) को प्रसाद चढाइन्छ। तुलसी दामोदर विवाहमा घरघरको तुलसी मठ सिँगारेर विधिपूर्वक विवाह गराउने गरिन्छ। यसैले मङ्सिर महिनाको पालक देवताको नाम नै दामोदर रहेको छ। गाउँघरमा श्रद्धालु भक्तहरूले एकादशीदेखि पञ्चमी भीष्मपञ्चकभरि ब्राह्मणद्वारा होमयज्ञ गराई एकादशी व्रतको उद्यापन गर्ने गर्छन्। हिन्दुहरू तुलसी, कुश, पीपल, दुबो र शालिग्रामलाई भगवान् विष्णुको प्रतीकका रूपमा मान्छन्। पहेलो केतकीको फूल, तुलसीको पात वा मञ्जरी र सयपत्रीको फूल चक्रपाणि भगवानलाई खुसी बनाउन गुरु भोजन दक्षिणा वा सिदादानसँगै आठवटा कुम्भ दान गरोस्।

**महत्व**

हरिबोधनी एकादशीमा उपवास बस्न सक्नेहरूले करिब १८ कोसको दुरीमा रहेको काठमाडौंका चार नारायण (चाँगु, विशङ्खु, इचङ्गु र शेष) लगायत बुढानीलकण्ठमा समेत भक्तजनको मेला लाग्दछ। नसक्नेले कम्तीमा एक नारायणको दर्शन र पूजाअर्चना गरेमा सम्पूर्ण पाप नाश भई अन्त्यमा मोक्ष मिल्ने धार्मिक विश्वास छ। हरिबोधनी एकादशीका दिन विशेष गरी सक्खरखण्ड, पिँडालु आदि कन्दमूल र फलफूल भगवान् नारायणलाई चढाई व्रतालुहरू प्रसादका रूपमा फलाहार गर्ने गर्छन्।

**तुलसीको औषधीय महत्व**

तुलसी एक बहुउपयोगी वनस्पति हो, यसले आयुर्वेद विज्ञानमा पनि यसले विशिष्टस्थान ओगटेको छ। चिकित्सकहरूका अनुसार तुलसीमा ८९ रोग निको गर्ने क्षमता छ। यसमा पात, हाँगा, फूल, जरा, बीउ सबै उत्तिकै महत्त्वका छन्। यसले भोक जगाउने, रुचि जगाउने तथा पाचनक्रिया बढाउनुका साथै झाडा-वान्ता पनि रोक्ने कार्य गर्दछ। मानिस मृत्यु शय्यामा हुँदा प्राण त्याग्नुअघि तुलसीको बोटसँगै राख्नाले तथा तुलसीपत्र खुवाउनाले मरेपछि मोक्ष पाइन्छ भन्ने विश्वास गरिएको छ। तुलसी रोपेको चार सय मिटर वरपरको वातावरणलाई तुलसीले सुगन्धले शुद्ध पार्दछ भन्ने विश्वास गरिन्छ।

**वृन्दा, जालन्धर, विष्णु र शिवको सम्बन्ध**

पौराणिक समयमा असुर कुमार जालन्धरसँग वृन्दाको विवाह भयो। जालन्धरले शिवजीलाई नै हाँक दियो र युद्ध भयो।

वृन्दाको पतिव्रत धर्मले जालन्धर बलियो थियो र शिवलाई युद्ध जित्न मुस्किल भएको थियो। शिवजीकै इसारामा विष्णुले वृन्दाको सतीत्व नाश गरे। जालन्धरको शक्ति क्षीण भयो र शिवबाट मारियो। यो कुरा वृन्दाले थाहा पाइन्। विष्णुलाई ढुङ्गा हुने श्राप दिइन्। विष्णुले पनि वृन्दालाई अर्को जन्ममा तिमी पनि तुलसी हुने श्राप दिए। आफू पनि शालिग्रम हुने र त्यही शालिग्रम रूप मसँग तुलसी रूप तिम्रो विवाह हुने छ भन्नुभए अनुसार यसै दिन तुलसी दामोदर वा शालिग्रमबीच विवाह भएको भन्ने अर्को कथा पनि पाइन्छ।

साभार : रातोपाटी




## राजा आउ देश बचाउ बिभिन्न नारा लगाउदै वीरगंजमा प्रर्दशन

**पवन प्रसाद साह**
**वीगरगंज, ७ मंसिर**



नेपाल राष्ट्रबाद संघ तथा नेपाल विद्वत परिषद द्वारा संयुक्त रुपमा राजा आउ देश बचाउ बिभिन्न नारा लगाउदै वीरगंजमा प्रर्दशन गरेको छ। मंसिर ७ गते बिहिबार अतार्थ आज काठमाडौंमा भइरहेको आन्दोलनको समर्थन गर्दै पर्सा जिल्ला स्थित सदरमुकाम वीरगंजमा नेपाल राष्ट्रबाद संघ तथा नेपाल बिद्वत परिषद ले संयुक्त रुपमा वीरगंज स्थित घण्टाघर चौकबाट निस्केको र्यालीमारु राजसंस्था कायम गर, हिन्दू राष्ट्र कायम गर ,धर्मनिरपेक्ष खारिज गर भन्दै नाराबाजी गर्दै माइस्थान,अलखियामठ, आदर्शनगर, गिता मन्दिर हुदै घण्टाघर चौकमा आइ कोणसभामा परिणत भएको थियो। कोणसभा लाइ सम्बोधन गर्दै नेपाल राष्ट्रबाद संघ का केन्द्रिय अध्यक्ष जनकलाल शाह ले भने यो देसमा राजा ले बनाएको उधोग लोकतन्त्र,गणतन्त्र सताधारीहरुले कुनै पनि उधोग संचालन गर्न सकेन संचालन गरेको भए यो देसको युवाहरु खाडि मुलुकमा रोजगारी गर्न जाने थिएन त्यहि भएर यो देसमा राजसंस्था को जरुरी छ कि यो देसका जनताहरू ले सुख शान्ति को महसुस गरोस्। त्यसतै कोणसभा सम्बोधन कै क्रममा नेपाल विद्वत परिषदका रामनारायण साहले भने यो लोकतन्त्र होइन यो चाहि लुटतन्त्र हो जुन पार्टी को सता आओस त्यो लुटतन्त्र नै

*बांकी पृष्ठ २*

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday